# क्षितिज बहुउद्देश्यीय सहकारी संस्था लि.

## गंगादेव गाउँपालिका २ सुखाजोडार

## रोल्पा ।

चौथो वार्षिक साधारणसभाबाट स्विकृत मिति : २०७९/११/२७

सदस्यता कार्यविधि-२०७९

# सदस्यता कार्यविधि २०७९

**प्रमाणित मिति : २०७९/११/२७**

## <u>सदस्यता कार्यबिधि -२०७९</u>

### <u>नियम नं. ४</u>

**१.** **प्रस्तावना :** यस संस्थाको शेयर खरिद, बिक्री, शेयर हस्तान्तरण, नामसारी, फिर्ता लगायत शेयर संग सम्बन्धीत सम्पूर्ण क्रियाकलापलाई व्यवस्थित गर्दै कार्यक्षेत्र भित्र वसोबास गर्ने सबै वर्गका व्यक्तिहरुलाई समेटी सहकारी वाट दिइने सेवा सबैमाझ पुऱ्याउने हेतुले यो कार्यबिधि तयार गरीएको छ ।

**२.** **संक्षिप्त नाम र प्रारम्भ :** यो कार्यबिधि को नाम **'सदस्यता कार्यबिधि -२०७९** रहनेछ । यो कार्यबिधि साधारण सभाबाट पारित गरीएको मितिदेखि लागू हुनेछ ।

**३.** **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस **'सदस्यता कार्यबिधि -२०७९'** मा

क. **"ऐन"** भन्नाले **सहकारी ऐन, २०७४** सम्झनु पर्दछ, यो शब्दले प्रदेश सहकारी र स्थानीय तहको सहकारी ऐन लाई समेत जनाउनेछ ।

ख. **"नियमावली"** भन्नाले **सहकारी नियमावली, २०७५** सम्झनु पर्दछ, यो शब्दले प्रदेश सहकारी र स्थानीय तहको सहकारी नियमावली लाई समेत जनाउनेछ ।

ग. **"रजिष्ट्रार"** भन्नाले सहकारी विभागका रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ, सो शब्दले नियमनकारी निकायको सहकारी हेर्ने प्रमुखलाई समेत जनाउनेछ ।

घ. **"विनियम"** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लिमिटेडको विनियम २०७५** लाई जनाउनेछ ।

ङ. **"सहकारी संस्था"** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लिमिटेड** लाई जनाउँनेछ ।

च. **"संचालक"** भन्नाले विनियमको **दफा २७** बमोजिम गठन भएको **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** को सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरुलाई जनाउँछ ।

छ. **"लेखा समिति"** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** को बिनियम बमोजिम गठन भएको लेखासमिति जनाउने छ ।

ज. **"उपसमिति"** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** को बिनियम बमोजिम संञ्चालक समिति बाट निश्चित कार्य सञ्चालन गर्न गठन भएको उपसमिति जनाउने छ ।

ज **"सदस्य"** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** को बिनियम बमोजिम रकम जम्मा गरी भएको व्यक्ति, संघ, संस्थाको शेयर सदस्यलाई जनाउँछ ।

झ. **"कार्यविधि"** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** ले जारी गरेको कार्यविधिलाई जनाउनेछ ।

ञ. **"बचत"** भन्नाले सदस्यहरुले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** मा जम्मा गरेको बचत रकम जनाउनेछ ।

ट. **"आवधिक बचत"** भन्नाले निश्चित अवधी किटान भएको बचत रकम जनाउनेछ ।

ठ. **"शेयर"** भन्नाले सहकारी ऐन बमोजिम संस्थाले जारी गरेको पूँजीको अंशलाई जनाउनेछ ।

## ४. सदस्यताका किसिम :

**क) व्याक्तिगत सदस्य : दफा ५** बमोजीम योग्यता पुगेको व्याक्ती संस्थाको व्याक्तिगत सदस्य बन्न सक्नेछ ।

(१) संस्थाको नियामानुसार न्युनतम १० कित्ता शेयर खरिद गरी आफूले पुरा गर्नु पर्ने न्यूनतम अन्य नियम पुरा गरेको व्यक्ति ।

(२) संस्थाको वार्षिक साधारण सभाको निर्णय प्रकृयामा सहभागी हुने अधिकार पाएको व्यक्ति ।

(३) संस्थाको सञ्चालक समिति तथा उपसमितिमा निर्वाचित हुने वा निर्वाचनमा मत दिने अधिकार पाएको व्यक्ति ।

(४) संस्थामा वचत गर्ने तथा ऋण प्राप्त गर्ने र संस्था द्धारा सञ्चालित वस्तु तथा सेवा, सुविधा प्राप्त गरेको व्यक्ति ।

**ख) संस्थागत सदस्य :** नेपाल सरकार र प्रदेश सरकारका निकायहरू, स्थानिय तहहरू, कार्यक्षेत्र भित्रका सहकारी विद्यालय, सामुदायिक विद्यालय, गुठी, स्थानिय क्लब, आमा समूह, महिला समूह, स्थानिय तहमा गठन गएका गैरनाफामूलक संस्था, उत्पादन र सेवामूलक सङ्घ संस्था तथा उपभोक्ता समूहहरू संस्थाको संस्थागत सदस्य हुन सक्नेछन् ।

(१) संस्थाको नियामानुसार न्युनतम **१० कित्ता** शेयर खरिद गरेको हुनुपर्ने ।

(२) संस्थाको वार्षिक साधारण सभामा प्रतिनीधि मार्फत सहभागी हुने अधिकार पाउने ।

(४) संस्थामा बचत गर्ने र संस्थाद्धारा संचालित वस्तु तथा सेवा, सुविधा प्राप्त गर्ने ।

(५) संस्थाको **सञ्चालक समिति** तथा **लेखा समितिमा** निर्वाचित हुने र मताधिकार गर्ने अधिकार नभएको ।

(६) ऋण लिने सुबिधा प्राप्त नभएको ।

**५. सदस्यताको लागि योग्यता :**

क) व्याक्तिगत सदस्यताको लागि १६ वर्ष उमेर पुगेको नेपाली नागरिक हुनुपर्नेछ ।

ख) संस्थाको कार्यक्षेत्र भित्र बसोबास गर्नुका साथै सेवा तथा सुविधा उपयोग गर्ने र संस्थालाई सहयोग प्रदान गर्ने व्यक्ति हुनुपर्नेछ ।

ग) संस्थाको विनियम तथा कार्यबिधि पालना गर्न मञ्जुर गर्ने व्यक्ति हुनुपर्नेछ ।

घ) नेपालको प्रचलित ऐनकानूनले अयोग्य नठहरिएको व्यक्ति हुनुपर्नेछ ।

ङ) संस्थाले तोकेको न्यूनतम शेयर खरिद गरेको हुनुपर्नेछ ।

च) संस्थागत सदस्यताको लागि सम्बन्धीत निकायमा दर्ता भएको हुनुपर्ने छ ।

**६. शेयर सदस्यताको लागि दरखास्त :**

क) शेयर सदस्य बन्न चाहने व्यक्ति तथा संस्थाले सदस्यताको लागि संस्थाले तयार गरेको **अनुसूची-१** बमोजिमको सदस्यता दरखास्त फाराम भरी तोकिएका आवश्यक कागजात संलग्न गरी कार्यालयमा पेश गर्नुपर्ने छ ।

ख) त्यस्तो दरखास्त उपर कर्मचारीले सदस्यताको लागि योग्यता पुगेको छ वा छैन हेरी कार्यालय प्रमुखबाट स्विकृत गराई सदस्यता प्रदान गर्नु पर्नेछ ।

**७. आवश्यक कागजातहरु :** सदस्यता आवेदन फारामका साथमा देहायमा उल्लेख गरिएका कागजातहरु समेत अनिवार्य पेश गर्नुपर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी -१ प्रति,

ख) पासपोर्ट साईजको फोटो -३ प्रति

ग) हकवालाको जन्मदर्ता वा नागरिकताको प्रतिलिपी सहित पासपोर्ट साईजको फोटो -१ प्रति,

घ) कार्यक्षेत्र भित्र बसोवासको कुनैपनि प्रमाण -१ प्रति,

ङ) कार्यक्षेत्र भित्रको स्थानीय तहको एकै प्रकृतीको अन्य सहकारीको सदस्य नरहेको स्वःघोषणा,

च) संस्थागत सदस्यताको हकमा तपशिलका बिबरण आवश्यक पर्नेछ ।

-संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि -१ प्रति,

-संञ्चालक/व्यवस्थापन समितिको निर्णय -१ प्रति,

-स्थायी लेखा नम्बरको प्रतिलिपि -१ प्रति,

-कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (पछिल्लो आर्थिक वर्ष) ।

सदस्यता कार्यविधि-२०७९

८. **सदस्यता शुल्क :** संस्थामा सदस्यताको लागि देहाय बमोजिमको रकम बुझाउनुपर्नेछ :

क) न्युनतम **१० कित्ता** शेयरको रकम **रु १०००।** (एक हजार रुपैंया),

ख) प्रबेश शुल्क **रु १००।** (फिर्ता नहुने गरि जम्मा गरेको रु एक सय रुपैयाँ),

ग) सञ्चालक समितिको निर्णय अनुसार संस्थाले बिशेष कार्यक्रममा प्रबेश शुल्क छुट गरि सदस्यता प्रदान गर्न सक्नेछ ।

**९. सदस्यताको स्वीकृति :**

क) सदस्यताका लागि आवेदन दिने आवेदकहरूको विवरण तथा सिफारिसको अध्ययन गरी कार्यालय प्रमुखले सदस्यताको स्वीकृति प्रदान गर्नुपर्ने छ ।

ख) दरखास्त दिने सबै व्यक्ति वा संस्थाको सदस्यता स्विकृत गर्न कार्यालय प्रमुख बाध्य हुने छैन ।

ग) सदस्यता स्वीकृत गर्दा निवेदकको आचरण, इमानदारिता र संस्थाप्रतिको दृष्टिकोण आदिको मूल्याङ्कनका आधारमा गरिने छ ।

घ) स्वीकृत सदस्यताको अनुमोदन कार्यालय प्रमुख तथा सञ्चालक समितिले गर्ने छ ।

**१०. सदस्यताको अनुमोदन :**

क) सदस्यताका लागि आवेदन दिने आवेदकहरूको विवरण तथा सिफारिसको अध्ययन गरी सदस्यताका लागी प्राप्त निवेदनहरुलाई कार्यलय प्रमुखले आफ्नो राय सहित संञ्चालक समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

ख) सदस्यता सञ्चालक समितिको वैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

ग) सदस्यता अनुमोदन गर्ने वा नगर्ने अन्तिम अधिकार संञ्चालक समितिमा रहनेछ ।

घ) सञ्चालक समितिले अनुमोदन नगरेको सदस्यता स्वतः रद्ध हुनेछ ।

ङ) सञ्चालक समितिले सदस्यता अनुमोदन नगरेका आबेदकलाई सो को कारण खोली जानकारी गराउनु पर्ने छ ।

च) सदस्यता अनुमोदन नभएका आवेदकको शेयर र बचतको रकम भुक्तानी दिनुपर्नेमा राखिनेछ ।

छ) संञ्चालक समितिबाट अनुमोदन भएका सदस्यहरुको बिवरण सहितको अभिलेख कार्यकारी प्रमुखबाट प्रमाणीत गरी राख्नुपर्ने छ ।

ज) अनुमोदन भएका सदस्यहरुलाई **अनुसूची-२** बमोजिमको **शेयर प्रमाणपत्र** प्रदान गरिने छ ।

झ) अनुमोदन भएका सदस्यहरुको बिबरण कम्प्युटर सफ्टवेयरमा समेत अद्यावधिक गर्नुपर्ने छ ।

**११. शेयर खरिद गर्नुपर्ने :**

क) सदस्यताको लागि संस्थाबाट जारी गरिएको न्यूनतम **रु. १००।-** बराबरको **१० कित्ता** शेयर अनिवार्य खरिद गर्नुपर्नेछ र समय समयमा सस्थाको नियम वमोजिम शेयर थप गर्दै जानुपर्ने छ ।

ख) संस्थामा कार्यरत कर्मचारीहरु अनिवार्य रुपमा संस्थाको सेयर सदस्य बन्नुपर्नेछ ।

ग) संस्थाका सञ्चालक समिति, लेखा समितिले संस्थाको आवश्यकता अनुसार शेयर थप गर्नुपर्ने छ ।

घ) सबै सदस्यलाई न्युनतम **रु १,००,०००।** सम्म शेयर पुऱ्याउन प्रोत्साहन गरिनेछ ।

ङ) सञ्चालक समितिले निर्देशिका जारी गरी बिशेष योजनामार्फत शेयर बृद्धिका लागि स्किम प्रदान गर्न सक्नेछ ।

**१२. बचत तथा ऋण सम्बन्धी :**

क) संस्थाको वचत नीति अनुसार सदस्यहरुले नियमित तथा मासिक रुपमा न्युनतम वचत **रु १००।** अनिवार्य बचत जम्मा गर्नुपर्नेछ ।

ख) सदस्यले संस्था द्धारा सञ्चालित अन्य प्रकारका वचतमा इच्छा अनुसार सहभागी हुने पाउनेछन् ।

ग) सदस्यले संस्था द्धारा सञ्चालित बिभिन्न प्रकारका ऋण सुबिधा पाउन सक्नेछन ।

घ) बचत तथा ऋण सम्बन्धी सम्पूर्ण व्यवस्था सम्बन्धित कार्यबिधि अनुसार हुनेछ ।

**१३. सदस्यहरुको दर्ता किताव र प्रतिवेदन :**

क) सदस्यता को निवेदन स्वीकृत भए पछि नयाँ सदस्यको नाम सदस्यता दर्ता किताबमा दर्ता गरिनेछ ।

ख) व्यवस्थापकले नियमित सञ्चालक समितिको वैठकमा पेश गर्न एउटा लिखित प्रतिवेदन तयार गरी नयाँ सदस्यता दर्ता भएको बारे निम्न व्यहोरा पेश गर्नुपर्नेछ :

(१) प्रतिवेदन अवधिभरमा स्विकृत भै थपिएका सदस्य संख्या ।

(२) नाम, ठेगाना, सदस्यता नम्बर र लिएको शेयर कित्ता सहितको बिबरण ।

**१४. सदस्यको काम, कर्तव्य र अधिकार :**

क) साधारण सभा तथा संस्थाद्धारा आयोजित अन्य कार्यक्रमहरुमा सकृयताका साथ भाग लिने,

ख) जतिसुकै शेयर खरिद गरे तापनि एक व्यक्ति एक मतको आधारमा मात्र आफ्नो मताधिकारको प्रयोग गर्न पाउने,

ग) साधारण सभा वा समितिबाट निर्वाचित वा मनोनित भई समिति तथा उपसमितिको कार्यमा भाग लिने,

घ) संस्थामा नियमित बचत गर्ने तथा सोमा ब्याज प्राप्त गर्ने,

ङ) संस्थाको ऋण कार्यबिधिमा तोकिए बमोजिमको ऋण प्राप्त गर्ने र सोको साँवा तथा ब्याज तोकीएको समयमा संस्थामा भुक्तानी गर्दै जाने,

च) संस्थाबाट प्रदान गरिने अन्य वित्तिय तथा गैर वित्तिय सेवाहरु संस्थाको विनियम अनुसार प्राप्त गर्ने,

छ) सदस्यहरु एवं संस्थाको हित र विकास कार्यमा सहभागी हुने र संस्थाको पक्षमा वकालत र पैरवी गर्ने,

ज) सदस्यता बृद्धि लगायत संस्थाका अन्य लक्ष्य प्राप्तीमा सहयोग पुऱ्याउने ।

**१५. सदस्यको आचारसंहिता :** संस्थाका सदस्यहरूले देहायका आचारसंहिताको पालना गर्नुपर्ने छ :

क) संस्थामा आत्मविश्वासका साथ कारोबार गर्नुपर्दछ ।

ख) संस्थाका कार्यबिधिहरुलाई दृढतापूर्वक पालना गर्नुपर्दछ ।

ग) स्वावलम्बी र आत्मनिर्भर बन्नुपर्दछ ।

घ) आर्थिक क्रियाकलापमा अन्य सदस्यहरूलाई सहयोग गर्नुपर्दछ ।

ङ) पूँजीको सही सदुपयोग गर्नुपर्दछ ।

च) कारोबारमा भाखा नघाउनु हुदैन ।

छ) संस्थाको हितविपरीत हुने कुनै किसिमको कार्य तथा प्रचारप्रसार गर्नु हुदैन ।

ज) सहकारी भावनाको विकास गरी मितव्ययी र पारदर्शी बन्नुपर्दछ ।

झ) संस्थालाई सदैव रचनात्मक तथा सिर्जनात्मक सहयोग गर्नुपर्दछ ।

ञ) संस्थाले माग गरेका विवरणहरू प्रस्ट रूपमा पेश गर्नुपर्दछ ।

ट) संस्थाले आयोजना गर्ने सामाजिक क्रियाकलापहरूमा पूर्ण रूपमा सहभागी बन्नुपर्दछ ।

ठ) संस्थाले आयोजना गरेको कार्यक्रमहरूमा सक्रियतापूर्वक भाग लिनु पर्दछ ।

ड) संस्थाको सञ्चालक एवम् कर्मचारीहरूबाट भएका कमि-कमजोरीहरूलाई समाजमा प्रचार प्रसार नगरी संस्थामा जानकारी दिनुपर्दछ ।

ढ) मादकपदार्थ तथा कुलतलाई हतोत्साहित गर्नुपर्दछ ।

ण) नियमित बचत समयमा जम्मा गर्नु पर्दछ ।

त) संस्थाको व्यवसायीक कार्यमा सहभागीता जनाउनुपर्ने छ ।

**१६. शेयर प्रमाणपत्र र परिचय पत्र सम्बन्धी ब्यवस्था :**

क) सञ्चालक समितिबाट सदस्यता अनुमोदन भई सकेपछि न्युनतम **१० कित्ता** सेयर खरिद गर्ने सदस्यलाई **अनुसूची-२** बमोजीमको **सेयर प्रमाणपत्र** प्रदान गर्नु पर्ने छ ।

ख) संस्थाले सम्पूर्ण सदस्यहरुलाई अनुसुची **अनुसूची-३** बमोजीमको **परिचयपत्र** प्रदान गर्नुपर्ने छ ।

**१७. सदस्य फाईल व्यवस्थापन सम्बन्धी ब्यवस्था :**

क) प्रत्येक सदस्यको व्याक्तीगत फाईल निर्माण गरिने छ ।

ख) सदस्यको व्याक्तिगत फाईलमा सदस्यको फोटो, आवेदन फाराम, नागरीकताको प्रतिलिपी, पारिवारिक बिबरण, सदस्य पहिचान बिबरण, बचत खाता खोलेका फारामहरु, हस्ताक्षर नमुना कार्ड लगायत अन्य आवश्यक बिवरणहरु संलग्न गनुपर्ने छ ।

ग) संस्थागत सदस्य भएमा संस्थाको छाप, संस्था दर्ता प्रमाणपत्रको प्रतीलिपी वा संस्थाको आधिकारीकता प्रमाणीत गर्ने कागजात, संस्था परिचय बिबरण, आवेदन फाराम, संस्थाको सञ्चालक समितिको शेयर खरिद गर्ने निर्णयको प्रतिलिपी, खाता खोलेका फारामहरु, हस्ताक्षर नमुना कार्ड लगायत अन्य आवश्यक बिवरणहरु संलग्न गनुपर्ने छ ।

घ) सदस्यले पेश गरेका निवेदनहरु, समय समयमा भरीएका सदस्य पहिचान बिवरण, हस्ताक्षर नमूना कार्डहरु समेत सम्बन्धीत सदस्यको फाइलमा राख्नु पर्ने छ ।

ङ) सदस्यता पहिचान बिबरण कम्तीमा प्रत्येक पाँच बर्षमा अद्यावधिक गरिनेछ ।

च) सदस्यका बिबरणहरु सफ्टवैयरमा समेत अद्यावधिक गर्नुपर्ने छ ।

**१८. लाभांश बितरण :**

क) संस्थाका शेयर सदस्यहरुलाई प्रत्येक बर्षको असार मसान्त सम्ममा निजको नाममा कायम रहेको चुक्ता शेयर पूँजीमा दैनिक मौज्दातका आधारमा गणना गरी साधारण सभाले तोकेबमोजिमको दरमा लाभांश प्रदान गरिने छ ।

ख) साधारणसभा सम्पन्न भएको **३५ दिन** भित्रमा सदस्यको बचत खातामा लाभांश रकम जम्मा गर्नुपर्नेछ ।

**१९. सदस्यता हस्तान्तरण :**

क) सदस्यता हस्तान्तरणका लागी सदस्य स्वयं संस्थामा उपस्थित भई **अनुसूची-४** बमोजिमको निबेदन पेश गर्नुपर्नेछ ।

ख) सदस्यले आफ्नो शेयर निजले इच्छाएको एकाघरपरिवार भित्रको व्यक्ति (बुबा, आमा, दाजु, भाइ, दिदी, बहिनी, श्रीमान, श्रीमती, छोरा, बुहारी, नाती, नातीनी, सासु, ससुरा वा नजिकको हकवाला) लाई मात्र हस्तान्तरण गर्न सक्नेछ, तर त्यस्तो व्याक्ति संस्थाको सदस्य बन्न योग्य हुनुपर्नेछ ।

सदस्यता कार्यविधि-२०७९

ग) सदस्यको मृत्यु भएको अवस्थामा निजको हकवालालाई वा हकवालाको निबेदन अनुसार निजले इच्छाएको एकाघरपरिवार भित्रको व्यक्तिलाई सदस्यता हस्तान्तरण गरिने छ ।

घ) यसरी प्राप्त निवेदन व्यवस्थापकले आफ्नो राय सहित निर्णयार्थ सञ्चालक समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

ङ) सञ्चालक समितिको निर्णय अनुसार शेयर हस्तान्तरण हुनेछ ।

च) हस्तान्तरण बाट शेयर प्राप्त गर्ने व्याक्तिले नयाँ शेयर सदस्य सरह सम्पूर्ण कागजात संस्थामा पेश गर्नुपर्नेछ ।

छ) शेयर हस्तान्तरण गर्नुपूर्व संस्थाले आवश्यकता महसुश गरेमा अंशियारको मञ्जुरी लिन सक्नेछ ।

ज) शेयर हस्तान्तरण गर्ने सदस्यको सम्पूर्ण शेयर तथा बचत डेबीट गरी सो रकम नयाँ सदस्यको शेयर र बचत खातामा क्रेडिट गरिनेछ ।

झ) हस्तान्तरण बाट आउने सदस्यलाई **नयाँ सदस्यता नम्बर** प्रदान गरिनेछ ।

ञ) माथी जे सुकै भनिएतापनि सदस्यता हस्तान्तरण गर्ने सदस्य ऋणी भएमा वा कसैको जमानतमा बसेको अवस्थामा भएमा त्यस्तो सदस्यता हस्तान्तरण सम्बन्धी निवेदन वा हस्तन्तरण निजको ऋण चुक्ता तथा जमानत फुकुवा नभएसम्म स्वीकृत हुने छैन ।

ट) मृत्यु भएको अवस्थामा बाहेक सदस्य बनेको **५ वर्ष** समय पूरा नभए सम्म शेयर हस्तान्तरण गरिने छैन ।

ठ) स्वःईच्छाले सदस्यता हस्तान्तरण गर्दा खाताबन्दी **शुल्क रु ५००।** लिईनेछ ।

ड) सदस्यता हस्तान्तरण गरेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा संस्थामा पुनः रितपूर्वक निवेदन दिई नयाँ सदस्यता प्राप्त गर्न सक्नेछ ।

## २०. सदस्यता फिर्ता/राजिनामा :

क) सदस्यता फिर्ताका लागि सदस्य स्वयं संस्थामा उपस्थित भई **अनुसूची-५** बमोजिमको निबेदन पेश गर्नुपर्नेछ ।

ख) सदस्यको मृत्यु भएको अवस्थामा निजको हकवाला स्वयं संस्थामा उपस्थित भई आवश्यक प्रमाणसहित **अनुसूची-५** बमोजीमको निबेदन पेश गर्नुपर्नेछ ।

ग) यसरी प्राप्त निवेदन व्यवस्थापकले आफ्नो राय सहित निर्णयार्थ सञ्चालक समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

घ) सञ्चालक समितिको निर्णय अनुसार शेयर फिर्ता हुनेछ ।

ङ) शेयर फिर्ता गर्नुपूर्व संस्थाले आवश्यकता महसुश गरेमा अंशियारको मन्जुरी लिन सक्नेछ ।

च) शेयर फिर्ता गर्दा सदस्यको सम्पूर्ण सेयर रकमलाई डेबिट गरी सो रकम फिर्ता दिइनेछ । संस्थाको साधारण सभा सम्पन्न भए पश्चात नाफा घाटालाई समायोजन गरी प्रत्येक वर्ष चैत्र मसान्त भित्र आएका निवेदनहरुको आधारमा समितिको निर्णय अनुसार **असार मसान्त भित्र मात्र** शेयर फिर्ता गरिनेछ ।

छ) सदस्यता फिर्ता लिने सदस्य ऋणी भएमा वा कसैको जमानतमा बसेको अवस्थामा भएमा त्यस्तो सदस्यता फिर्तासम्बन्धी निवेदन निजको ऋण वा जमानत फुकुवा नभएसम्म स्वीकृत हुने छैन । यदि शेयर तथा बचतबाट सम्पूर्ण ऋण चुक्ता हुने भएमा ऋण चुक्ता गरी बाँकी फिर्ता गर्न बाधा पर्ने छैन ।

ज) स्वःईच्छाले सदस्यता फिर्ता गर्दा खाताबन्दी शुल्क **रु ५००** लिईनेछ ।

झ) सदस्यता फिर्ता लिएको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा निजको राजीनामा स्वीकृत भएको मितिले **३ महिना** पछि मात्र संस्थामा पुनः रितपूर्वक निवेदन लिई नयाँ सदस्यता प्रदान गर्न सकिनेछ । अन्यथा सो सदस्य आफ्नो जिवनकाल भरी संस्थामा पुनः सदस्यता हुन सक्नेछैन ।

ञ) नेपाल सरकार र प्रदेश सरकारका निकायहरू, स्थानिय तहहरू, कार्यक्षेत्र भित्रका सहकारी विद्यालय, सामुदायिक विद्यालय, गुठी, स्थानिय क्लब, आमा समूह, महिला समूह, स्थानिय तहमा गठन गएका गैरनाफामूलक संस्था, उत्पादन र सेवामूलक सङ्घ संस्था तथा उपभोक्ता समूहहरू देखी बाहेकका संस्थागत सदस्यहरु संग समन्वय गरी तिनीहरुको सदस्यता फिर्ताको प्रकृया अगाडी बढाइने छ ।

**२१. शेयर हकदावी :**

क) संस्थामा सदस्यको नाममा रहेको शेयर रकम स्वयं सदस्य बाहेक कसैले हकदावी गर्न पाउने छैन । तर सदस्यको मृत्यु भएको वा बेपत्ता भएको प्रमाणीत भएमा निजले इच्छाएको व्यक्तिले दावी गर्न पाउने छन् ।

ख) इच्छाएको व्याक्ति तोकीएको नभएमा कानून बमोजिम सम्वन्धित वडापालिकाको सिफारिसमा नजिकको वास्तबिक हकवाला छनौट गरी रकम भुक्तानी गरिने छ ।

**२२. सदस्यता निलम्बन :** देहायको अवस्थामा सञ्चालक समितिले निर्णय गरी सदस्यताबाट निलम्बन गर्न सक्नेछ :

क) लगातार **१० वर्ष** भन्दा बढी समय देखि निष्क्रिय रही नियमित बचत नगरेमा ।

ख) निलम्बित सदस्यले साधारण सभामा सहभागी हुन पाउने छैन र संस्थाबाट प्रदान गरिने कुनैपनि सेवा प्रदान गरिने छैन ।

ग) निलम्बित सदस्यले कारोवार तथा व्यवहार सुधार गरेमा व्यवस्थापकको सिफारिसका आधारमा सञ्चालक समितिले निलम्बन फुकुवा गर्न सक्दछ ।

**२३. सदस्यता खारेजी :** देहायको अवस्थामा सञ्चालक समितिले निर्णय गरी सदस्यताबाट खारेजी गर्न सक्नेछ :

क) सदस्यता निलम्बन गरिएको अबधि पूरा भएमा ।

ख) संस्थाबाट लिएको ऋणको धितो लिलाम बिक्रि गरी असुल गरीएमा ।

ग) उपनियम **१ र २** अनुसार सदस्यता खारेजी गर्नुपूर्व सञ्चालक समितिले एक उपसमिति निर्माण गरी निजहरुको बारेमा आवश्यक छानबिन गरेको र सफाई पेश गर्ने मौका दिएको हुनुपर्ने छ ।

ङ) खारेजीमा परेका सदस्यको शेयर तथा बचतमा बाँकी रहेको रकम भुक्तानी दिनुपर्नेमा राखिनेछ ।

च) सदस्यता खारेज गरिएको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा निजको सदस्यता खारेज भएको मितिले **३ महिना** पछि मात्र संस्थामा पुनः रितपूर्वक नयाँ सदस्यताको लागी आवेदन दिन सक्नेछ ।

छ) खारेजीमा परेकाको पुनः सदस्यता स्विकृती सञ्चालक समितिले गर्नेछ ।

**२४. सदस्यताको अन्त्य :** देहायको अवस्थामा कुनै पनि व्यक्तिको संस्थाको सदस्यता कायम रहने छैन :

क) मृत्यु भएमा,

ख) कानूनी रुपमा पागल वा असन्तुलित मस्तिष्क भएको भनी प्रमाणित भएमा,

ग) फौजदारी अभियोगमा कानूनद्वारा सजाय पाएमा,

घ) सदस्यले आफ्नो सदस्यताबाट सञ्चालक समिति समक्ष पेश गरेको राजीनामा स्वीकृत भएमा,

ङ) सदस्यले आफ्नो पूर्ण शेयर सहितको सदस्यता कुनै अर्को व्यक्तिको नाममा हस्तान्तरण गर्न दिएको लिखित निवेदन सञ्चालक समितिबाट स्वीकृत भएमा,

च) सदस्य कानुनी रुपमा टाट पल्टेमा,

छ) सदस्यताबाट खारेजी भएमा,

ज) संस्था बिघटन भएमा,

झ) विनियमको बमोजिम कर्जा चुक्ता गरेको **एक वर्ष पछि** राजिनामा दिएमा ।

**२५. पुरस्कृत गरिने :** संस्थाको कार्यबिधि भित्र रही संस्थालाई योगदान पुर्‍याउने सदस्यहरुलाई प्रत्येक वर्ष सम्मान तथा पुरस्कार कार्यबिधि अनुसार सम्मान तथा पुरस्कार र प्रोतसाहन भत्ता प्रदान गरिनेछ, तर कारोवारका आधारमा समितिका सञ्चालक, लेखा समिति तथा कर्मचारीहरु लाई पुरस्कार तथा प्रोतसाहन भत्ता प्रदान गरिनेछैन ।

**२६. व्याख्या :** यस कार्यबिधिको अन्तिम व्याख्या गर्ने अधिकार **सञ्चालक समितिमा मात्र** रहनेछ ।

**२७. संसोधन, खारेज तथा थप :** यस कार्यबिधिको कुनै पनि बुदामा संशोधन गर्ने, खारेज गर्ने तथा थप गर्ने अधिकार संस्थाको साधारण सभामा रहनेछ ।

**२८. खारेजी तथा बचाउ :** यो कार्यबिधि जारी हुनु भन्दा अगाडी गरिएका सदस्यता सम्बन्धी सम्पूर्ण कार्यहरु यसै कार्यबिधि अनुसार भएको मानिनेछ ।

**समाप्त**

अनुसूची १

दफा ६ को नियम (क) सँग संम्बिन्धित

## सदस्यता दरखास्त फाराम

# क्षितिज बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## गंगादेव गाउँपालिका २ सुखाभोडार, रोल्पा ।

फोटो

### क) आवेदकको व्यक्तिगत विवरण :

| | | |
|---|---|---|
| १. | नाम थर | |
| २. | Name In English | |
| ३. | जन्म मिति | साल................महिना...........गते............. |
| ४. | स्थाई ठेगाना | प्रदेश नम्बर ५ रोल्पा जिल्ला गंगादेव गाउँपालिका वडा नं. ............ टोल ......................... घर नं. .............फोन नम्बर .............................. मोबाईल नं. .................................. ईमेल .................................... |
| ५. | अस्थाई ठेगाना | प्रदेश ................. जिल्ला.................. गाउँपालिका.............वडा नं. ................ टोल ..................घर नं............. फोन नं. ..................... मोबाईल नं. ........................... ईमेल ...................................... |
| ६. | नागरिकता | नागरिकता नम्बर ......................... जारि गर्ने जिल्ला ......................... जारि मिति ................................. |
| ७. | मतदाता परिचय पत्र | परिचय पत्र नम्बर .......................... गाउँपालिका ............................. वडा नम्बर ............. केन्द्र ....................... |
| ८. | लिङ्ग | पुरुष ☐ महिला ☐ अन्य ☐ |
| ९. | पेशा | |
| १०. | आवद्धता | (तलको तालिका हेर्नुहोस्) |
| ११. | कूल अनुमानित वार्षिक आय | |
| १२. | राजनैतिक दलको आवद्धता | छ ☐ छैन ☐ छ भने पद खुलाउनुहोस............................................। |

| क्र.सं | आवद्ध संस्थाको नाम | ठेगाना | पद | वार्षिक अनुमानित आय |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

### ख) आवेदकको पारिवारिक विवरण :

| क्र.सं | नाता | नाम थर | पेशा | अनुमानित वार्षिक आम्दानी |
|---|---|---|---|---|
| १. | बाजे/ससुरा | | | |
| २. | बाबु/आमा | | | |
| ३. | श्रिमान्/श्रिमती | | | |
| ४. | छोरा | | | |
| ५. | छोरी | | | |
| ६. | आँफै वा परिवारको कुनै सदस्य उच्च पदीय राजनैतिक, प्रशासनिक वा साङगठनीक भूमिकामा रहेको भए सोको विवरण खुलाउने :<br>क) नाम : | | | |

| | |
|---|---|
| | ख) नाता :<br>ग) पद वा सार्वजनिक भूमिका : |
| ७. | राहदानी नं. भएमा : |
| ८. | संस्थाको कार्यक्षेत्र भित्र अस्थाई बसोबास भएमा वर्षमा विताउने अवधि ......................... दिन । |

**ग) आवेदकको सहकारि संस्थागत विवरण :**

१. संस्थाको सदस्य बन्नुको उदेश्य ...............................................................................।

२. अन्य कुनै सहकारि संस्थामा सदस्य भएमा सोको विवरण :

| क.सं | सदस्य भएको संस्थाको नाम | ठेगाना | सदस्य नम्बर | संस्थाको ठेगाना |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

**३. आफू बाहेक परिवारका सदस्य अन्य सहकारि संस्थामा सदस्यता लिएको भए सोको विवरण :**

| क.सं | नाम थर | नाता | संस्थाको नाम | संस्थाको ठेगाना |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

**४. परिवारका अन्य सदस्य यस संस्थामा सदस्य रहेको वा नरहेको यदि रहेको भए सोको विवरण :**

| क.सं | नाम थर | सदस्यता नम्बर |
|---|---|---|
| १. | | |
| २. | | |

**घ) आवेदकको वित्तीय कारोबारको विवरण :**

**१. प्रारम्भमा संस्थामा जम्मा गर्ने वा हाल सम्म संस्थामा जम्मा गरिसकेको रकमको विवरण :**

| | | |
|---|---|---|
| शेयर : | प्रबेश शुल्क : | नियमित बचत : |
| राहत : | ऐच्छिक बचत : | अन्य बचत : |

**ङ) आवेदकको हकवालाको विवरण :**

| क.सं | नाम थर | ठेगाना | नाता | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २. | | | | |
| ३. | | | | |

माथि उल्लेखित हकवालाको विवरण ठीक साँचो हो भनी सदस्यले प्रमाणित गर्ने :

.....................................

**आधिकारिक दस्तखत**

**च) आवेदकको स्वःघोषणा :**

१. मैले पेश गरेको विवरणमा भविष्यमा कुनै परिवर्तन आएमा त्यस्तो परिवर्तन भएको मितिले ३५ दिन भित्र संस्थामा पेश गर्नेछु ।
२. मैले माथि पेश गरेको सम्पूर्ण विवरण दुरुष्त छ, यदि झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।
३. संस्थाका नीति, निर्णय, कार्यविधि र विनियमको पूर्ण परिपालना गर्नेछु ।
४. संस्थाका सबै गतिविधिहरुमा सहभागि हुनुका साथै संस्थामा सम्पूर्ण रुपले कारोबार गर्नेछु ।
५. संस्थाले कारोबार गरेको प्रकृतिले अन्य कुनै सहकारि संस्था वा निजि व्यवस्थापनमा लगानी गरेको छैन र गर्ने छैन ।

...................................

**आधिकारिक दस्तखत**

**मिति :**

**दायाँ** **बायाँ**

**छ) आवेदकको नजिकैको परिचित स्थान बाट अफ्नो घर सम्म पुग्ने मार्ग :**

**कार्यालय प्रयोजनको लागि मात्र**

**१. संलग्न कागजातहरु भएकोमा ठीक चिन्ह लगाउनुहोस ।**

अ) नागरिकताको प्रमाणित प्रतिलिपि ☐
आ) मतदाता परिचय पत्रको प्रमाणित प्रतिलिपि ☐
इ) जग्गाधनी पुर्जाको प्रमाणित प्रतिलिपि ☐
ई) कार्यक्षेत्र भित्र स्थाई बसोबास वा पेशामा भएको प्रमाणित कागजातको प्रतिलिपि ☐

**२. सिफारिस :**

यसमा उल्लेख भएका श्री ...................................................... लाई म राम्ररी चिन्दछु । निज ले मेरो रोहवरमा सहीछाप गरेका हुन् । मैले जाने बुझें सम्म निजले पेश गरेको विवरण ठीक भएकोले निजको निवेदन अनुसार यस सहकारी संस्थाको सदस्यता प्रदान गर्न सिफारिस गर्दछु ।

**सिफारिसकर्ता सदस्यको :**

नाम :
सदस्यता नम्बर : MR-01-
दस्तखत :
मिति :

---

**स्वीकृत गर्नेको :**

नाम :
पद :
दस्तखत :
मिति :

**प्रमाणित गर्नेको :**

नाम :
पद :
दस्तखत :
मिति :

**सदस्यता नम्बर : MR-01-**

**सदस्यता प्रदान गरेको मिति :**

## अनुसूची २

दफा १० को नियम (ज) र दफा १६ को नियम (क) सँग संम्बिन्धित

## शेयर प्रमाणपत्र


गा.पा. दर्ता नं. ०१-२०७५/०७६ पान नं. ६०९४०९२२६ Email: kmcrolpa@gmail.com

नेफस्कुन

(सहकारी ऐन २०७४ अनुसार स्थापित)

क्षितिज बहुउद्देश्यीय

सहकारी संस्था लिमिटेड

गंगादेव गाउँपालिका-२ सुखाओडार, रोल्पा

(स्थापित २०७५)

शेयर प्रमाण-पत्र नं. :

मिति :

सदस्यता नं. :

शेयर प्रमाण-पत्र

सहकारी ऐन २०७४ अन्तर्गत यस सहकारी संस्था लि. को विनियम दफा १९ बमोजिम मिति............................................मा ............................................स्थित श्री............................................ले यस क्षितिज बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रु. १००/- दरको शेयर कित्ता नं. ....................देखि....................सम्म जम्मा कित्ता.................... को हुन आउने रु. .................... (अक्षरुपी............................................) भुक्तानी प्राप्त भइसकेकोले यो शेयर प्रमाण-पत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| लिला बहादुर वली<br>व्यवस्थापक | संस्थाको छाप | टोप बहादुर वली<br>अध्यक्ष |

(नोटः यो प्रमाण-पत्र पेश नगरी यसमा लेखिएको कुनै पनि शेयर दाखिला खारेज वा हस्तान्तरण गरिने छैन ।)

Webiste: www.kmcl.coop.np 'ग्रामिण जीवनस्तर र पूंजी विकासको महा-अभियान'

## अनुसूची ३

दफा १६ को नियम (ख) सँग संम्बिन्धित

## सदस्यता परिचयपत्र

**Kshitiz Multipurpose Co-Operative Ltd.**

Gangadev-2, Sukhawadar Rolpa,

PhoneNo:9847984354

**Identity Card**

Photo

**Mem Id :**

**Name :**

**D.O.B:**

**Ph. No:**

**Address:**

**F Name:**

**Ctz No:**

अनुसूची ४

दफा १९ को नियम (क) सँग संम्बिन्धित

## सदस्यता हस्तान्तरण निवेदन फारम

श्री व्यवस्थापक ज्यू, मिति :

क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.

गंगादेव गाउँपालिका २ सुखाओडार रोल्पा ।

### विषय : सदस्यता हस्तान्तरण सम्बन्धमा ।

म यस संस्थाको देहायबमोजिमको शेयर सदस्य भएको र ................ कारणवश मेरो सदस्यता तपशिलमा उल्लेखभएबमोजिम हस्तान्तरण गरिदिन अनुरोध गर्दछु । साथै यस प्रक्रियामा आवश्यक कागजात पनि यसै निवेदनसाथ पेश गरेको अवगत गराउँदछु ।

दायाँ बायाँ

**निवेदक**

नाम थर :

सदस्य नम्बर : MR-01-

शेयर प्रमाणपत्र नम्बर :

नागरिकता नम्बर :

मोबाईल नम्बर :

स्थाई ठेगाना :

हस्ताक्षर :

| सि.न. | पुरानो सदस्यको नाम | पुरानो सदस्यता नम्बर | हस्तान्तरण गरेको जम्मा रकम | हस्तान्तरण मिति | कै. |
|---|---|---|---|---|---|
| १. | | **MR-01-** | | | |
| सि.न. | नयाँ सदस्यको नाम | नयाँ सदस्यता नम्बर | हस्तान्तरण गरेको जम्मा रकम | हस्तान्तरण मिति | कै. |
| १. | | **MR-01-** | | | |

**हस्तान्तरण गरिएको**

सदस्य नम्बर : MR-01-

खाता नम्बर :

**हस्तान्तरण गर्ने अधिकारी**

नाम थर :

पद :

मिति : ..................................

हस्ताक्षर : संस्थाको छाप

सदस्यता कार्यविधि २०७९

अनुसूची ५

दफा २० को नियम (क) सँग संम्बिन्धित

## सदस्यता फिर्ता तथा राजिनामा निवेदन फाराम

श्री व्यवस्थापक ज्यू, मिति :
क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.
गंगादेव गाउँपालिका २ सुखाओडार रोल्पा ।

### विषय : सदस्यता फिर्ता तथा राजिनामा सम्बन्धमा ।

म यस संस्थाको देहायबमोजिमको शेयर सदस्य भएको र ........................................................ कारणवश मेरो सदस्यता फिर्ता तथा सदस्यता राजिनामा स्वीकृत गरिदिन अनुरोध गर्दछु । साथै यस प्रक्रियामा आवश्यक कागजात पनि यसै निवेदनसाथ पेश गरेको अवगत गराउँदछु ।

दायाँ बायाँ

**निवेदक**

नाम थर :

सदस्य नम्बर : MR-01-

शेयर प्रमाणपत्र नम्बर :

नागरिकता नम्बर :

मोबाईल नम्बर :

स्थाई ठेगाना :

**बैंक विवरण**

बैंकको नाम :

बैंक शाखा :

बैंक खातावालाको नाम :

बैंक खाता नम्बर :

सहकारि खातावालाको नाम :

सहकारिको खाता नम्बर :

हस्ताक्षर :

| सि.न. | पुरानो सदस्यको नाम | पुरानो सदस्यता नम्बर | फिर्ता गरेको जम्मा रकम | फिर्ता मिति | कै. |
|---|---|---|---|---|---|
| १. | | **MR-01-** | | | |
| सि.न. | नयाँ सदस्यको नाम | नयाँ सदस्यता नम्बर | फिर्ता गरेको जम्मा रकम | फिर्ता मिति | कै. |
| १. | | **MR-01-** | | | |

**फिर्ता गर्ने अधिकारी**

नाम थर :

पद :

मिति : ......................................

हस्ताक्षर : संस्थाको छाप



सदस्यता कार्यविधि